# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १८२ | काठमाडौं | शुक्रबार, ०९ कात्तिक २०८१ | Prabhab National Daily | Friday, October 25, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## राजेन्द्रको पनि महाधिवेशन गुजार्ने रणनीति

- आम निर्वाचनपछि महाधिवेशन गर्ने मनस्थितिमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन
- महामन्त्री डा. धवलशम्शेर पक्ष असन्तुष्ट

■ जेबी योञ्जन



**काठमाडौं–** विधानअनुसार राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को अबको महाधिवेशन अर्को मंसिरमा गर्नुपर्ने हुन्छ । तर पार्टी नेतृत्व हाँकिरहेका अध्यक्ष राजेन्द्र लिङ्देन यो महाधिवेशन आम निर्वाचनपछि धकेल्ने सुरमा छन् । आम निर्वाचन २०८४ मा हुने छ ।

लिङ्देनले निकट नेताहरूमार्फत् पार्टी महाधिवेशन आम निर्वाचनपछि मात्रै हुन्छ भन्न लगाउन थालेका छन् । पछिल्लोपटक मंगलबार सल्यानको सल्लिबजारमा उनीनिकट सहायकमन्त्री तथा केन्द्रीय निर्वाचन समिति सदस्य सचिव श्यामबहादुर शाहीले पार्टी महाधिवेशन दुई अढाई वर्षपछि हुने बताए । शाहीले महाधिवेशन नियमित समयमा नहुने भनिरहँदा अध्यक्ष लिङ्देन एउटै मञ्चमा थिए । शाहीपछि बोलेका लिङ्देनले महाधिवेशनबारे केही बोलेनन् ।

बरु, पार्टीका अर्को सहायक महामन्त्री ऋषि देवकोटाले मञ्चबाटै शाहीको बोलीको विरोध गरेका थिए । यसपछि 'राप्रपाको कर्णाली यात्रा'मा बोल्न दिन शाहीले छाडिएको देवकोटाले बताए । देवकोटा भन्छन्, 'निर्वाचन समिति सचिवको कार्यभार भनेको निष्पक्ष र स्वतन्त्रतापूर्वक निर्वाचन गराउने हो । राजनीतिक भाषा प्रयोग गरेर यतिबेला र उतिबेला निर्वाचन हुन्छ भन्न नैतिकरूपमा मिल्दैन', उनले प्रभावसँग भने ।

शाहीको अभिव्यक्तिप्रति महामन्त्री डा. धवलशम्शेर जबरा पक्षले विरोध जनाउँदै आएका छन् । धवलनिकट नेता जनकराज पाठकले केन्द्रीय निर्वाचन समितिमा मौखिक उजुरी दिएका छन् । समितिका संयोजक तोरण गुरुङले यसबारे छलफल गर्ने भनेका छन् ।

(क्रमश: पृष्ठ २ मा)

### रवीन्द्र मिश्र सुकुम्बासी !

पूर्वपत्रकारसमेत रहेका रवीन्द्र मिश्रको राप्रपा प्रवेश तीन वर्ष हुनै लागेको छ । उनी पार्टीको वरिष्ठ उपाध्यक्ष छन् । पार्टी कार्यालयमा रहेको अभिलेखमा उनको पदीय जिम्मेवारी वरिष्ठ उपाध्यक्षकै हो । तर, सरकारको निकाय निर्वाचन आयोगले मिश्रलाई वरिष्ठ उपाध्यक्षको रूपमा चिन्दैन । कारण, उनको नाम निर्वाचन आयोगमा राप्रपाले बुझाएको दलीय विवरण अद्यावधिक छैन ।

'उहाँ आउनुभएको तीन वर्ष भइसक्यो । पद पनि वरिष्ठ उपाध्यक्ष हो तर उहाँलाई निर्वाचन आयोगले चिन्दैन', बैठकमा सहभागी एक नेताले भने, 'यसरी उहाँहरूलाई सुकुम्बासी कहिलेसम्म बनाइराख्ने ? जवाफ चाहियो ।'

## लोकतन्त्रमा रास्वपालाई ठुला दलको 'ठुलदाइ' प्रवृत्ति

- सरकारको नेतृत्व गरिरहेको दल नेकपा एमालेले विज्ञप्ति निकाल्दै रास्वपाको प्रदर्शनलाई 'आवान्छित' गतिविधि भनेको छ
- आफूलाई लोकतन्त्रका हिमायती मान्ने नेपाली कांग्रेसले रास्वपाको आन्दोलनलाई 'हुलहुज्जत' र अनुचित दबावको रूपमा लिएको छ
- जबकि नेपालको संविधानको मौलिक हकमा प्रत्येक नागरिकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको हक छ




■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्तारुढ दलले राष्ट्रिय स्वतन्त्री पार्टीको प्रदर्शनीलाई 'भिड'को संज्ञा दिँदै यस्ता प्रदर्शन नगर्न चेतावनी दिन थालेका छन् । जुनसुकै घटनामा पनि सदन र सडक तताउने दुई ठुला दल मिलेर बनेको सरकारको बुधबारको बैठकपछि एकपछि अर्को विज्ञप्ति जारी गर्दै रास्वपालाई प्रदर्शन नगर्न विज्ञप्तिमार्फत चेतावनी दिन थालेका हुन् ।

सरकारको नेतृत्व गरिरहेको दल नेकपा एमालेले विज्ञप्ति निकाल्दै रास्वपाको प्रदर्शनलाई आवान्छित गतिविधि भनेको छ । 'नेपालको सार्वभौम संसदले गठन गरेको सहकारी संस्था बचत रकम दुरूपयोग संसदीय छानविन विशेष समितिको प्रतिवेदन कार्यान्वयनको प्रक्रिया अघि बढिरहेको अवस्थामा छानबिन र अभियोजनको कामलाई नै प्रभावित गर्नेगरी राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका संस्था र व्यक्तिहरूका तर्फबाट भइरहेको आवान्छित गतिविधिप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ,' एमालेले भनेको छ ।

यतिमात्र हैन एमालेले यस्तो भेलामा सहभागी हुनेसमेत दोषी मानिने कानुनी व्यवस्था भएको दाबी गरेको छ । 'यस्तो भेलामा सहभागी नहुन प्रहरीले गरेको अनुरोधको अवज्ञा गर्ने प्रत्येक व्यक्ति कसुरदार मानिने कानूनी व्यवस्था भएतर्फ सबैपक्ष सचेत हुनुपर्दछ । हाम्रो पार्टी अख्तियार प्राप्त निकायबाट भइरहेको अनुसन्धान र अभियोजनको प्रक्रियामा बाधा पुऱ्याउने खालका कुनै पनि प्रकारका गतिविधि नगर्न सम्बन्धित सबैपक्षको ध्यानाकर्षण गर्दछ ।

(क्रमश: पृष्ठ २ मा)

### रुपन्देहीबाट पनि पक्राउ पूर्जी



रास्वपाका सभापति लामिछानेविरुद्ध रूपन्देही जिल्ला अदालतबाट पक्राउ पूर्जी जारी भएको छ । जिल्ला अदालत रूपन्देहीले बिहीबार लामिछानेविरुद्ध प्रहरीलाई पक्राउ अनुमति दिएको हो ।

सुप्रिम सहकारी ठगी प्रकरणमा अनुसन्धान गर्नका लागि लामिछानेसहित १२ जनाविरुद्ध पुर्जी जारी भएको जिल्ला अदालत रूपन्देहीले जनाएको छ । लामिछाने पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय पोखराको हिरासतमा छन् । प्रहरीले बिहीबार थप ७ दिन हिरासतमा राख्न जिल्ला अदालतबाट अनुमति लिएको छ । उनी कात्तिक २ गते रास्वपा केन्द्रीय कार्यालय वनस्थलीबाट पक्राउ परेका थिए ।

**सन्दर्भ: वैदेशिक रोजगार**

## इजरायलमा 'केयर गिभर' तत्काल नपठाइने

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरकारले तत्काल इजरायलको दीर्घकालीन स्याहार केन्द्रलाई आवश्यक सहायक कामदार (केयर गिभर) नपठाउने भएको छ । इजरायलसँग प्यालेस्टानी हमास र लेबनानी हिज्बुल्लाहबीच भइरहेको द्वन्द्वका कारण नेपालबाट तत्काल केयर गिभर पठाउने प्रक्रिया अघि बढाउन नसकिने वैदेशिक रोजगार विभागले जनाएको छ ।

इजरायल प्रत्यक्ष द्वन्द्वमा होमिएका कारण उत्पन्न परिस्थिति सहज र शान्त बनेपछि मात्रै नेपालबाट श्रमिक पठाउने विभागले तयारी गरेको छ । नेपाल र इजरायलबीच भएको जीटुजी सम्झौताअनुसार इजरायलको जनसंख्या तथा अध्यागमन प्राधिकरण (पीबा)ले दुई हजार बढी श्रमिक लैजाने गरी गत असोज २४ गते लक्की ड्रमा परेका नेपालीको नामावली विभागलाई उपलब्ध गराइसकेको छ । यद्यपि सुरक्षा अवस्थालाई दृष्टिगत गरी तत्काल इजरायलमा केयर गिभर पठाउन नसकिने विभागले प्रस्ट पारेको छ ।

पीबाले लक्की ड्रमार्फत दुई हजार ११२ जना नेपालीलाई केयर गिभरको रूपमा लाने गरी छानेको छ । इजरालयमा जाने नेपाली श्रमिकको सुरक्षा सुनिश्चित हुने भएपछि मात्रै आवश्यक प्रक्रिया अघि बढाउने विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले बताए । 'इजरायल गएर नेपालीले सुरक्षा चुनौती सामना गर्न नपरोस् भनेर हामी सचेत छौं', खत्रीले भने, 'त्यहाँको सुरक्षा अवस्थाबारे परराष्ट्र मन्त्रालयमार्फत इजरायलस्थित नेपाली राजदूतावाससँग पनि निरन्तर जानकारी लिने काम भइरहेको, परिस्थिति सहज नभएसम्म श्रमिक पठाउने प्रक्रिया अगाडि बढ्दैन ।'

इजरायलमा देखिएको सुरक्षा चुनौतीकै कारण त्यहाँको जनसंख्या तथा अध्यागमन प्राधिकरण (पीबा)ले लक्की ड्रमार्फत छनोट गरेको दुई हजार ११२ जना कामदारको सूची वैदेशिक रोजगार विभागलाई प्राप्त भए पनि उनीहरूलाई स्वास्थ्य परीक्षण तथा अभिमुखीकरण तालिमलगायतका प्रक्रियामा सहभागी गराइएको छैन । पीबाले केयर गिभरको काम गर्न लक्की ड्रबाट ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष छनेको छ । जसमा एक हजार १५६ महिला र ९५६ पुरुष परेका छन् । इजरायलमा हाल करिब ४५ सयभन्दा बढी नेपाली रहेको परराष्ट्रको तथ्यांकले देखाएको छ ।

यसअघि नेपालबाट केयर गिभर पठाउन सकिने वा नसकिने सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले इजरायलको सुरक्षा अवस्थाबारे जानकारी लिन परराष्ट्रलाई पत्राचार गरिसकेको छ । यद्यपि इजरायलस्थित नेपाली दूतावासले औपचारिक रूपमा त्यहाँको सुरक्षा अवस्थाबारे जानकारी दिइसकेको छैन । एक वर्षयता हमास र हिज्बुल्लाहसँगको युद्ध लडिरहेको इजरायल पछिल्लो समय इरानसँग पनि आमनेसामने अवस्थामा छ । दुवैले एक अर्कालाई लक्षित गरी मिसाइल आक्रमण गरिरहेका छन् ।

निरन्तर द्वन्द्वमा फसिरहेको कारण अहिले इजरायलमा कार्यरत नेपालीमात्र नभई अन्य आप्रवासीसमेत त्रसित अवस्थामा रहेको बताइन्छ । यस्तो परिस्थितिमा सरकारले रोजगारीको लागि भन्दै नेपालीलाई इजरायल पठाउने तयारी गरेको भन्दै चौतर्फी आलोचनासमेत भइरहेको छ । गत वर्ष २१ असोजमा प्यालेस्टाइनको हमास समूहले गरेको आक्रमणमा परेर इजरायलमा १० जना नेपालीको मृत्यु भएको थियो । बेपत्ता भएका विपिन जोशीको अवस्था अझै अज्ञात छ । यो घटनापछि सरकारले विमान पठाएर २५३ जना र पछि भारत सरकारको सहयोगमा थप १८ जना नेपालीलाई स्वदेश फर्काएको थियो ।

जीटुजी सम्झौताअनुसार सुरक्षा अवस्था सामन्य भएपछि आवश्यक प्रक्रिया पुरा गरी योग्य कामदारको सूची पीबालाई उपलब्ध गराउने विभागले जनाएको छ । जसअन्तरगत पीबाले नै नेपाली श्रमिकको सूची इजरायलस्थित रोजगारदातासम्म पुऱ्याउने छ । रोजगारदाताले कामदारको छनौट गरी करार सम्झौता गरेर पीबामार्फत विभागले जानकारी पाउनेछ । त्यसपछि विभागले कामदारको भिसाका लागि नेपालस्थित इजरायली राजदूतावासमा पठाउनेछ । सम्झौताअनुसार कामदारको भिसा शुल्क रोजगारदाताले नै व्यहोर्ने व्यवस्था छ । इजरायलले दुई हजार जना केयरगिभर माग गरेको थियो । जसमा एक हजार जना मुख्य उम्मेदवार र एक हजार वैकल्पिक उम्मेदवार रहेका छन् ।




## पृष्ठ १ बाट क्रमशः

## लोकतन्त्रमा रास्वपालाई...

नेपाल सरकारलाई समेत त्यस प्रकारको गतिविधि नियन्त्रण गर्न स्वच्छ र निष्पक्ष न्यायिक निरूपणको वातावरण तयार गर्न अनुरोध गर्दछ,' महासचिव शंकर पोखरेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

आफूलाई लोकतन्त्रका हिमायती मान्ने नेपाली कांग्रेसले समेत रास्वपाको आन्दोलनलाई हुलहुज्जत र अनुचित दबावको रूपमा लिएको छ । 'सहकारी ठगी प्रकरणमा केही दिनअघि अनुसन्धानका लागि पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेका समर्थकहरूले गरिरहेको हुल-हुज्जत र सडक प्रदर्शनले न्यायिक प्रक्रियामा हुने प्रारम्भिक अनुसन्धानलाई नै प्रभावित गर्ने र राज्यका तटस्थ निकायहरूलाई आतंकित र त्रसित पारी अनुचित दबाव सिर्जना गर्ने गतिविधि भैरहेकाले यस्ता अनुचित क्रियाकलापप्रति नेपाली कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ,' बुधबार प्रचार विभाग प्रमुख मीन विश्वकर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पनि रास्वपालाई पाठ सिकाउन भ्याएका छन् । 'कांग्रेसका दुईचार, एमालेका दुईचार, माओवादी, राप्रपा र रास्वपाका दुईचार मान्छे सहकारी ठगीमा जेल पर्ने भए भनेर रुवावासी नगरौं । अनुसन्धानलाई सघाऔं, अदालतको फैसला कुरौं । सडक विलापको जगहँसाई नगरौं,' शर्माले सामाजिक सञ्जालमा लेखेका छन्, 'स्पष्ट हौं- दोषीलाई कारबाही र बचतकर्ताको रकम फिर्ता, आजको राष्ट्रिय आवश्यकता हो !' सत्तारुढ दलले आजै बैठक राखी रास्वपाको आन्दोलनबारे थप निर्णय सार्वजनिक गर्ने तयारी गरेको छ ।

### लोकतन्त्रमा प्रदर्शन गर्न पाइँदैन ?

नेपालको संविधानअनुसार प्रत्येक नागरिकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको हक छ । यो मौलिक हकमै उल्लेख गरिएको छ । संविधानको भाग-३ को दफा १७ को उपदफा २ को क र ख मा लेखिएको छ, 'विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता ।' रास्वपाले यही हक प्रयोग गर्दै सभापति लामिछानेको रिहाइको माग गरेर प्रदर्शन गरेको हो । आफ्नो सभापतिले सहकारीको रकम अपचलन नगरेको रास्वपाले दाबी गर्दै आएको छ ।

कुनै बेला कांग्रेसका महामन्त्री शर्मा देशमा निरंकुशतन्त्र नभएकाले प्रदर्शन गर्न पाउने बताउँथे । 'अहिले देशमा निरङकुशतन्त्र नभएकाले लोकतन्त्रविरुद्ध जनताले प्रश्न र प्रदर्शन गर्न पाउँछन्,' अघिल्लो मंसिर ७ गते मोरङको कटहरीमा आयोजित कार्यक्रममा शर्माले भनेका थिए ।

कुनै बेला आफ्ना नेता पूर्व गृहमन्त्रीसमेत रहेका बालकृष्ण खाण नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ पर्दा कांग्रेसले भ्रातृ संगठन तरुण दलका नेता कर्याकर्तालाई सडक आन्दोलनमा उतारेका थियो । कांग्रेस र एमालेले आफ्ना नेताहरू पक्राउ पर्दा भातृ संगठन सडकमा उतारेर जाँच गर्ने र जनताको साथ पाए पार्टी पंक्तिलाई उतार्ने काम गर्दै आएको छ । कान्तिपुरका कैलाश सिरोहिया पक्राउ पर्दासमेत कांग्रेस नेताहरू कान्तिपुर कम्प्लेक्समा सरकारको विरोध गर्न पुगेका थिए ।

### विपक्षी दलको देखिएन चासो

रवि पक्राउ पर्नुअघि विपक्षी दलका नेता माओवादी अध्यक्ष पुष्पकमल दाहालले भनेका थिए - लामिछाने पक्राउ परे प्रतिवाद गर्छु । तर पक्राउको एक हप्ता बितिसक्दासमेत यो विषयमा प्रतिपक्षी दलहरू मौन देखिन्छ । बरु प्रतिपक्षी दलहरू साना दल फुटाउने अध्यादेश ल्याउन लागेकोमा आत्तिएका छन् । उनीहरू राष्ट्रपति रामचन्द्र पौडेलसम्म पुगेर अध्यादेश रोकिदिन आग्रह गर्न भ्याइसकेका छन् ।

माओवादी अध्यक्ष दाहालले अमुर्त रूपमा सरकारले छानीछानी विपक्षी दललाई हान्ने काम भइरहेकोमात्र बताएका छन् । 'मैले स्पष्टसँग भनेको थिएँ, तपाईं र हामीमा फरक के भयो भने हामीले के माओवादी, के कांग्रेस, के एमाले कुनै दल नहेरेर गल्ती गरेको छ भने सबैलाई कानुनबमोजिम ल्याउनुपर्छ भनेर लाग्यौं,' दाहालले बुधबार पार्टीको मुख्यालयमा आयोजित कार्यक्रममा भनेका थिए, 'तर तपाईंहरूले कांग्रेस र एमालेका नेताले गल्ती गरेको छ्याडै देख्दा पनि बचाउनुभएको छ र आफ्नो राजनीतिक प्रतिद्वन्द्वी देख्नुभयो भने खोजीखोजी हान्नुभएको छ ।'

### के भन्छन् रास्वपा नेताहरू ?

रास्वपा उपसभापति स्वर्णिम वाग्लेले लामिछानेविरुद्ध राजनीतिक प्रतिशोध साँधिएको दाबी गरे । लामो समयसम्म बयानमा आलटाल गरेर सरकारले राजनीतिक प्रतिशोध भएका दाबी गरेका हुन् । 'तयारी थिएन पहिला ? के सोध्ने भन्ने थाहा छैन ? पहिला थुन्ने अनि सोध्न थाल्ने ? यो मानमर्दन गर्ने शैली सरकारको तेरो सेखी झार्छु देखाइदिन्छु भन्ने शैलीमा सरकार छ । यसलाई सभ्य भाषामा राजनीतिक प्रतिशोध नै भन्छन्,' बिहीबार पोखरामा पत्रकार सम्मेलन गर्दै उपसभापति वाग्लेले भने ।

रास्वपाका सहप्रवक्ता मनिष झाले सहकारीपीडितले कांग्रेस एमालेका भर पर्न नहुने तर्क गरेका छन् । उनले अरु मिडियामा सहकारीको पैसा जाँदा केही नभन्ने तर गोर्खा मिडियामा गएको विषयमा मात्र सरकारको ध्यान गएको आरोप लगाए । सह प्रवक्ता झाले राष्ट्रपतिको सल्लाहकारलाई छुट दिएकाले पनि राजनीतिक प्रतिशोध भएको तर्क प्रस्तुत गरे ।

'एउटा रविको मुख थुन्न कति प्रयत्न गरिरहेका छौ । हामी सबै रवि हौ । तानाशाह बन्न छाडिदिऔं । विधिको शासन लागू गर,' प्रदर्शनको क्रममा पोखरामा रास्वपाकी सांसद सोबिता गौतमले आक्रोश पोखिन् । रास्वपा अहिले पोखरा केन्द्रित आन्दोलमा उत्रिएको छ ।

■■■

## राजेन्द्रको पनि...

राप्रपाको महामन्त्री धवल पक्षले आगामी वर्षको मंसिरमै निर्वाचन हुनुपर्ने भन्दै आएको छ । तर, केन्द्रीय समितिले एक वर्ष थप्न मिल्ने व्यवस्था राप्रपाको विधानमा छ । यदि उक्त अवधिमा पनि महाधिवेशन हुन नसके संविधानतः ६ महिनाभित्र महाधिवेशन गर्नुपर्ने प्रावधान छ । अध्यक्ष लिङ्देन भने यी दुवै सुविधाको प्रयोग गरेरमात्रै महाधिवेशन गराउने पक्षमा देखिएका छन् । यसप्रति धवल पक्षको विरोध छ । धवलपक्षीय नेता सापकोटाले भने, 'अध्यक्षज्यूले आफ्ना गोजीका नेतामार्फत् महाधिवेशन सार्नुपर्ने भन्न लाउने गर्न थाल्नुभएको छ । यो गलत हो । नियमित समयमै महाधिवशेन गर्नुपर्छ ।'

लिङ्देनले आफ्नो कार्यकाललाई लम्ब्याउन चाहेको भन्दै धवलपक्ष असन्तुष्ट छ । तर, केन्द्रीय समितिमा बहुमत पुऱ्याउन भने लिङ्देनलाई सहज छैन । पार्टी वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रको अवधारणाअनुसार हालै 'नवीन राप्रपा' अभियानअन्तर्गत लिङ्देनले २० जनालाई केन्द्रीय सदस्य मनोनीत गरेका छन् । फेरि, थप २० जनालाई मनोनीत गर्ने तयारी छ । यसरी पछिल्ला पटक थपिएकामध्ये धेरै जना लिङ्देन कित्तामा देखिएका छन् । केन्द्रीय समितिमा बहुमत पुऱ्याएर महाधिवेशन पर धकेल्न चाहेका लिङ्देनका लागि उनीहरू सहयोगी बन्ने भन्दै विरोध पनि हुँदै आएको छ ।

राप्रपा महाधिवेशन २०७८ को मंसिर ११ गते भएको थियो । यस आधारमा महाधिवेशनको नियमित अवधि सकिन लाग्दा आफूनिकट नेता शाहीमार्फत महाधिवेशनबारे लिङ्देनले बोल्न लगाएको धेरैको विश्लेषण छ । यसरी एकातिर महाधिवेशनबारे मतभेद देखिन थाल्दा अर्कातिर पार्टीमा लिङ्देन स्वेच्छाचारी बन्दै गएको टिप्पणी भइरहेको छ । कारण, भारतको मुम्बईस्थित टाटा मेमोरियल अस्पतालमा गिजाको क्यान्सरको उपचार गराइरहेकै बखत लिङ्देनले महामन्त्री धवललाई संगठन विभाग प्रमुख पदबाट हटाइदिएका थिए । उनको ठाउँमा आफूनिकट उपाध्यक्ष बुद्धिमान तामाङलाई ल्याएका छन् ।

यसले पार्टीमा मतभेद झनै चुलिएको छ । गत भदौमा काठमाडौंमा भएको पार्टीका जिल्ला अध्यक्षहरूको दुई दिने भेलामा लिङ्देन र राणा समूहको टकराव छताछुल्ल नै भएको थियो । त्यसबेला भेलामा राणा उपाध्यक्ष विक्रम पाण्डेले अध्यक्ष लिङ्देन र उनलाई देवत्वकरण गरेको भन्दै आक्रोश पोखेका थिए ।

'पार्टीमा नेतृत्वलाई बलियो बनाउनुपर्ने केही साथीहरूको धारणा सुनियो । के नेतृत्वलाई बलियो बनाउने पौष्टिक आहारा खुवाएर ? कि कसरी', पाण्डेको भनाइ उदृत गर्दै भेलामा सहभागी एक नेताले भने, 'खाली नेतृत्व बलियो बनाउनुपर्छ भन्ने सुन्छु । बनाउनुपर्ने बलियो त पार्टी होइन र ?' लिङ्देनपक्षीय नेताहरूले बारम्बार लिङ्देनको प्रशंसा गर्दै नेतृत्वमा उनलाई थप बलियो बनाउनुपर्ने मत प्रकट गरेका थिए । उपाध्यक्ष बुद्धिमान तामाङसहितका नेताहरूले एक सिट रहेको राप्रपा लिङ्देनको नेतृत्वमा चुनावमा जाँदा १४ सिटसहित बलियो शक्तिका रूपमा देखा परेको बताएका थिए ।

'नेतृत्वलाई सहयोग गरौं । आलोचना मात्रै नगरौं' । बरु उहाँ (लिङ्देन)लाई थप बलियो बनाएर अघि बढौं', तामाङको भनाइ थियो । तामाङको यही सवालमाथि जवाफ फर्काउँदै अर्का उपाध्यक्ष पाण्डेले पौष्टिक आहारा खुवाएर नेतृत्वलाई बलियो पार्नुपर्ने भन्दै सोधेका हुन् । लिङ्देनले पार्टीलाई संस्थागतरूपमा सञ्चालन गर्न नसकेको, राजसंस्था र हिन्दुराष्ट्रको एजेन्डालाई सशक्त ढंगले अघि बढाउन नसकेको, युवा वर्गलाई पार्टीमा स्थान दिन कञ्जुस गरेको र केही नेता कार्यकर्तालाई काखी च्यापेर र बहुसंख्यक नेता कार्यकर्तालाई टाढा पारेको भन्दै आलोचना परेको हो । त्यसरी नै लिङ्देनअघि बढे पार्टीलाई २०८४ मा हुने चुनावमा घाटा हुने उनको भनाइ थियो ।

गत वर्षको चैत तेस्रो साता लिङ्देनको नेतृत्वमा काठमाडौंमा राप्रपाले प्रदर्शन गरेको थियो । त्यसपछि राप्रपा थला पऱ्यो । भन्न चाहिँ राप्रपाले व्यवस्था परिवर्तनका लागि सत्तापलट हुनेगरिको आन्दोलन गर्ने चेतावनी दिएको थियो । तर, आन्दोलनलाई राप्रपाले धान्न सकेन । यसपछि समीक्षा बैठकमा लिङ्देनलाई सरकार विरोधी प्रदर्शनलाई सशक्त बनाउन नसकेको भन्दै कतिपय नेताले विरोध जनाएका थिए । पार्टीका नेता ठाकुरमोहन श्रेष्ठलाई पार्टी कार्यालयमै कुटपिट गर्नेलाई पनि लिङ्देनले उन्मुक्ति दिएको भनिएको थियो । सत्तामा जान बारम्बार प्रयास गर्ने लिङ्देन कदमको पनि विरोध जबरा समूहले गर्दै आएको छ ।

---

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## बकुलहर रत्ननगर अस्पताल

रत्ननगर -२,चितवन, बागमती प्रदेश, नेपाल

## बोलपत्र सम्बन्धि सूचना

### परामर्श सेवा खरिद को लागि वोलपत्र आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित सूचना २०८१/०७/०९

यस अस्पतालले आ.व. २०८१/८२ का लागि आवश्यक सहयोगी कर्मचारी, सहयोगी सुरक्षाकर्मी तथा सरसफाई सम्बन्धि सेवाका कर्मचारीहरु आउट सोर्सिंगबाट लिनु पर्ने भएको हुदा मु. अ. करमा दर्ता भएका इच्छुक योग्यता पुगेका फर्म, सप्लायर्स तथा व्यवसायीहरूले रित पुर्वक को वोलपत्र तपशिलको शर्त पालना हुने गरि सार्वजानिक खरिद अनुगमन कार्यालयको वेवसाइट www: bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । बृस्तृत जानकारीको लागी अस्पतालको वेवसाइटमा हेर्नुहुन अनुरोध गरिन्छ ।

| सि. नं. | ठे.नं. | विवरण | धरौटी रकम | वोलपत्र तस्तुर | वोलपत्र खरिद गर्ने अन्तिम मिति | वोल्पत्र दाखिला गर्ने अन्तिम मिति | वोल्पत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | BRH/NCB/HR/ 15/2081/82 | सहयोगी कर्मचारी सेवा खरिद सम्बन्धि वोलपत्र सूचना | ३५१०००/- | ३०००/- | ३०औ दिनको बैंकिंग समय अगाडी | ३१औं दिनको १२ बजे अगाडी | ३१ औ दिनको २ बजे पछी | |
| 2. | BRH/NCB/HR/ 16/2081/82 | सहयोगी सुरक्षाकर्मी कर्मचारी सेवा खरिद सम्बन्धि वोलपत्र सूचना | ११२०००/- | ३०००/- | ३०औ दिनको बैंकिंग समय अगाडी | ३१औं दिनको १२ बजे अगाडी | ३१ औ दिनको २ बजे पछी | |
| 3. | BRH/NCB/HR/ 17/2081/82 | सरसफाइ कर्मचारी सेवा खरिद सम्बन्धि वोलपत्र सूचना | ११०००/- | ३०००/- | ३०औ दिनको बैंकिंग समय अगाडी | ३१औं दिनको १२ बजे अगाडी | ३१ औ दिनको २ बजे पछी | |

बकुलहर रत्ननगर अस्पताल

---

पालुङटार नगरपालिका-७, मझुवा गोर्खा पिप्लस नेपालद्वारा प्रस्तावित आधुनिक प्रविधिमा आधारित कृषि तथा पशुपालन सम्बन्धी तालिम प्रदानका साथै फार्म निर्माण तथा सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धमा

## सार्वजनिक सूचना !

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०९ गते)**

पिप्लस नेपाल प्रा.लि.पालुङटार, गोर्खाद्वारा निम्न वमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना :** | पिप्लस नेपाल प्रा. लि पालुङटार न.पा.७, गोर्खा |
| **प्रस्तावको व्यहोरा :** | आधुनिक प्रविधिमा आधारित कृषि तथा पशुपालन सम्बन्धी तालिम प्रदानका साथै फार्म निर्माण तथा सञ्चालन गर्ने |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | गोर्खा, पालुङ्टार न.पा.७ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना :** | पिप्लस नेपाल प्रा. लि पालुङटार न.पा - ०७, गोर्खा |
| **परामर्शदाताको नाम र ठेगाना :** | फोन नं.९८१८८००५७८ |

---


## साउदीमा रोजगार

कम्पनी : WESTERN JANA CONTRACTING COMAPNY.

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312654 | चलानी नं.६०२२७०३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 2 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 10 | 0 | 1800 | ६४,६०० | | | | | | | |
| 3 | Heavy Truck Drivers | 9 | 0 | 1800 | ६४,६०० | | | | | | | |

कम्पनी : ABDULLAH MOAZI AL-ANZI BARBE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312604 | चलानी नं.६०२२७०५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १६ गते (1st Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059

ARANIKO OVERSEAS PVT. LTD.
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com


---

## Invitation for Bids

Surnaya Rural Municipality
Office Of Rural Municipal Executive
Rauleshwar, Baitadi

Date of first publication: 2081-07-09(2024-Oct -25)

1. Surnaya Rural Municipality, Baitadi invites electronic bids from eligible domestic bidders for the construction works enlisted below:

| S. N. | Contract No. | Name and Location of the Construction Work | Estimated Amount Incl.of VAT (NRS) | Bid Security Amount (NRS) | Validity of Bid Security (Days) | Non Refundable Bid Document Fee (NRS) |
|---|---|---|---|---|---|---|
| 1 | NCB/SRM/BAIT-ADI/01/081-82 | Construction Of Uchhakot Ma.Bi. Building, Surnaya -1 | 3212890.06 | 80500 | 120 | 3,000 |
| 2 | NCB/SRM/BAIT-ADI/02/081-82 | Construction Of Siude Bijul Bagthala Road, Surnaya-3 | 10559439.27 | 264000 | 120 | 3,000 |
| 3 | NCB/SRM/BAIT-ADI/03/081-82 | Construction Of Bachpani Ward Office to sela jhadbo Road, Surnaya-8 | 5853202.02 | 146400 | 120 | 3,000 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| Last Date and Time for Bid Purchase and Bid Submission | | Date and Time for Bid Opening | |
|---|---|---|---|
| Date: B.S. 2081.08.09 (A.D. 2024.Nov 24) Time: Within 12:00 hours | | Date: B.S. 2081.08.09 (A.D. 2024. Nov 24) Time: Within 13:00 hours | |
| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security (optional if bidder submits Bank Guarantee from A Class Bank) | |
| Bank: | Nepal Investment Megha Bank | Bank: | Nepal Investment Megha Bank |
| Office Name: | Surnaya Rural Municipality | Office Name: | Surnaya Rural Municipality |
| Aantarik Rajaswo account No. | 06501400250016 (Aantarik Rajaswa Khata No.) | Dharauti account No. | 06501040250351(Dharauti Khata No.) |
| Office code: | 80774506300 | Office Code | 80774506300 |

3. Pre-bid meeting should not be held.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at opening time at the Surnaya Rural Municipality. Bids security must be valid for a period as specified above and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as specified above.
5. If the date of opening falls on a government holiday, then the next working day shall be considered as the openingdate. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of GoN.
7. Any amendment in the tender notice shall be posted in the notice board of the Surnaya Rural Municipality office and PPMO's website: www.bolpatra.gov.np/egp.
8. Eligible Bidders may refer Surnaya Rural Municipality or PPMO's website: www.bolpatra.gov.np/egp for further information

# उद्धारको पर्खाइमै मर्छन् लोपोन्मुख वन्यजन्तु

**घोडाघोडी (कैलाली)**– गत बुधबार बिहान कैलालीको जानकी गाउँपालिका-६ स्थित कैलाशेश्वर सामुदायिक वनभित्र पासोमा परेको अवस्थामा चितुवा फेला पर्‍यो । उद्धार टोलीलाई खबर पनि गरियो । टोली आइपुग्न छ घण्टा लाग्यो । उद्धारको केही घण्टामै चितुवाको मृत्यु भयो ।

२०७८ चैत १७ गते घोडाघोडी नगरपालिका-१० तुल्सीपुर सामुदायिक वनमा पासोमा परेको चितुवाको उद्धार नहुँदै मृत्यु भएको । २०७६ वैशाख १५ गते घोडाघोडी नगरपालिका-३ नारायणपुरस्थित थाह्रा र मोहन्याल सामुदायिक वनको सिमानामा चितुवा पासोमा परेको अवस्थामा फेला पर्‍यो । डिभिजन वन कार्यालय नपुरसँग उद्धार गर्ने दक्ष जनशक्ति नभएपछि बर्दिया राष्ट्रिय निकुञ्जको उद्धार टोलीलाई खबर गरियो । उद्धार टोली घटनास्थल पुग्न नपाई चितुवाको मृत्यु भयो ।

कैलालीमा पछिल्लो केही वर्षयता पासोमा परेर विश्वकै लोपोन्मुख प्रजातिका पाटेबाघ र चितुवाको मृत्यु भइरहेको डिभिजन वन कार्यालय पहलमानपुरले जनाएको छ । पछिल्लो छ वर्षमा पासोमा परेर कैलालीमा दुईवटा पाटेबाघ र पाँचवटा चितुवाको मृत्यु भएको डिभिजन वन कार्यालय पहलमानपुरले जनाएको छ । जिल्लामा आर्थिक वर्ष २०७५/०७६ मा एउटा चितुवा, आव २०७८/७९ मा दुई चितुवा र एउटा पाटेबाघ, आव २०८०/८१ मा एक पाटेबाघ र एक चितुवाको मृत्यु भएको छ भने चालु आवमा एक चितुवाको मृत्यु भएको छ ।

कैलालीमा भारतको दुधुवा नेसनल पार्क जोड्ने वसन्ता जैविकमार्ग र बर्दिया राष्ट्रिय निकुञ्जलाई जोड्ने कर्णाली जैविकमार्ग छन् । यी मार्गबाट बाघ, चितुवा, हात्तीलगायतका जंगली जनावर ओहोरदोहोर गर्ने गर्दछन् । यी जैविक मार्गका वरिपरि बाक्लो मानव बस्ती छ । यसका कारण पनि यी क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्वका घटना हुने गरेको डिभिजनल वन कार्यालय पहलमानपुरका निमित्त प्रमुख सुरेन्द्र कठायतले बताए ।

जिल्लामा वन्यजन्तु उद्धारका लागि बर्दिया राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दियाको टोलीलाई बोलाइने गरिन्छ । समन्वय गरेर उद्धार टोली आइपुग्दा घण्टौं बितिसकेको हुन्छ । कठायतले भने, 'यो अवस्थामा कतिपय मरिसकेका हुन्छन् र कतिपय उद्धार भएपछि मर्छन् । *रासस*


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०७/०९**

वनशक्ति सामुदायिक वन उपभोक्ता समूहको बनवाट उत्पादन भई समूहको कार्यालय कम्पाउण्डमा घाटगद्दीमा १ वटा लट बनाई राखिएको साल गोलिया काठ ८२७.५८ घ.फि. जे जस्तो छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री वनशक्ति सामुदायिक वन उपभोक्ता समुह**
**जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २२, चक्करी, बारा**

## काठ र दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०७/०९**

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई शितगंगा १३ पानीटंकी चौरमा घाटगद्दी गरी राखिएको साल जातको काठ ८११२.९७ क्यू. फि. अन्य जातको ९०८.६६ क्यू. फि. साल दाउरा २४.५० चट्टा र अन्य दाउरा १३.७५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन वन कार्यालयमा अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरूमा समेत टाँस गरिने छ ।

**श्री धिरिखोला सामुदायिक वन उपभोक्ता समुह**
**शितगंगा न.पा.१३ भंगला अर्घाखांची**

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०७/०९**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको **साल** जातको ग्रेड A को गोलिया थान १ को ८.६ क्युफिट काठ, ग्रेड B को गोलिया थान १५ को १३४.७ क्युफिट काठ, ग्रेड C को गोलिया थान ५१ को ३१५.३ क्युफिट काठ र **अस्ना** जातको ग्रेड A को गोलिया थान २ को ५४.६ क्युफिट काठ, ग्रेड B को गोलिया थान २ को १९.९ क्युफिट काठ, ग्रेड C को गोलिया थान २ को २०.६ क्युफिट काठ र साल दाउरा १.७५ चट्टालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**भुर्का भुर्की सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी न.पा -१०, कैलाली**

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति: २०८१/०७/०९**

यस कम्पनीको मिति २०८१/०७/०३ गते सम्पन्न विषेश साधारण सभाको निर्णय अनुसार साविक कम्पनी **द गुरुकूलम स्कुल प्रा लि** (प्रा.लि. दर्ता नं. २००८४) को नाममा रहेको सम्पुर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर लगायतको दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०७/०६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **गुरुकूलम स्कुल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ ।

## संस्थापक शेयर बिक्री सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०९)**

यस क्यापिटलका संस्थापक समूहका देहायका शेयरधनीहरुले आफ्ना नाममा रहेको देहाय बमोजिको संस्थापक शेयर बिक्री गर्नको लागि यस क्यापिटल समक्ष निवेदन दिनु भएको हुँदा, संस्थापक शेयर खरिद र बिक्री गर्दा विद्यमान संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनु पर्ने र संस्थापकहरु बिच खरीद बिक्री हुन नसकेमा अन्य व्यक्ति वा संस्थालाई नेपाल धितोपत्र बोर्डको निर्देशनको अधिनमा रही संस्थापक शेयरहरु बिक्री गर्न सकिने भएकोले क्यापिटलका संस्थापक शेयरधनीहरु तथा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः यस क्यापिटलका संस्थापक समूह अन्तर्गतका कुनै शेयरधनीले उक्त संस्थापक शेयरहरु खरिद गरि लिन ईच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र क्यापिटलको केन्द्रीय कार्यालय, बागदरबार, काठमाडौंमा आफूले खरिद गर्न चाहेको मूल्य र शेयर संख्या खुलाई निवेदन पेश गर्न हुन अनुरोध गर्दछौं । उपरोक्त म्याद भित्र विद्यमान संस्थापक शेयरधनीहरुबाट निवेदन प्राप्त नभएमा वा प्राप्त निवेदनबाट उपरोक्त सम्पूर्ण शेयर बिक्री नभएमा नियमानुसार अन्य व्यक्ति वा संस्थालाई उक्त संस्थापक शेयरहरु बिक्री गर्न आवश्यक कारवाही अगाडि बढाईने व्यहोरा समेत जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | संस्थापक शेयरधनीहरुको नाम | बिक्री गर्न चाहेको शेयर संख्या |
|---|---|---|
| १. | आशिष श्रेष्ठ | २०४३६ |
| २. | साकार लाल श्रेष्ठ | २८०९३ |
| ३. | पंकज चन्द्र श्रेष्ठ | २९९६५ |

**Machhapuchchhre Capital Limited**
**माछापुच्छ्रे क्यापिटल लिमिटेड**
(Subsidiary of Machhapuchchhre Bank Limited)
Bagh Durbar, Kathmandu
Ph: 01-5366325, 5349453, 5316343
Web: www.mcl.com.np
Email: mcl@mcl.com.np

## Fewa HR Solutions Pvt. Ltd.

KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. १४८५/०७४/०७५

### युएईमा रोजगार

कम्पनी : Worldwide Manpower Technical Services L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/०७    LT. No. 312601    चलानी नं.६०२२७०४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 1 | 0 | 1200 | ४३,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 1 | 0 | 1200 | ४३,९४० | | | | | | | |

कम्पनी : Alpha Horizon Technical Services L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/०७    LT. No. 312599    चलानी नं.६०२२७०३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRICIAN (GEN.) | 1 | 0 | 1000 | ३६,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Besto Technical Services L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/०७    LT. No. 312600    चलानी नं.६०२२७०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRICIAN (GEN.) | 1 | 0 | 1200 | ४३,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २५ गते (10th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

### साउदीमा रोजगार

कम्पनी : Square Coffee Cafe to Serve Drinks

पूर्व स्वीकृति मिति : २०८१/०७/०७    LT. No. 312657    चलानी नं.६०२२७०६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Azumi Saudi Company Ltd

पूर्व स्वीकृति मिति : २०८१/०७/०७    LT. No. 312656    चलानी नं.६०२२७०६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २० गते (5th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

### साउदीमा रोजगार

कम्पनी : Naflaa Wadhi Quraitan Al Sharari Restaurant for serving meals

पूर्व स्वीकृति मिति : २०८१/०७/०७    LT. No. 312580    चलानी नं.६०२२७०५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Village Countryside Automatic Bread Bakery

पूर्व स्वीकृति मिति : २०८१/०७/०७    LT. No. 312579    चलानी नं.६०२२७०५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing and Pakaging Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १६ गते (1st Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80

### साउदीमा रोजगार

कम्पनी : MOHAMED HASSAN BEN SHEBIB AL AHMAD For Contracting

पूर्व स्वीकृति मिति : २०८१/०६/१०    पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०८    LT. No. 311305    चलानी नं. ६०२२७०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver(Trailer/Truck Mixer) | 1 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १६ गते (1st Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BRIGHT FUTURE HR SOLUTION PVT. LTD.**
श्रम ईजाजत नं. १६०२/०७९/०८०
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com

### युएईमा रोजगार

कम्पनी : Al Fursah AlAkhiraa Cleaning Services LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०८    LT. No. 312586    चलानी नं. ६०२२७०६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 8 | 17 | 800 | २९,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Trojan General Contracting LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०८    LT. No. 312663    चलानी नं.६०२२७११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 200 | 0 | 900 | ३२,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १६ गते (1st Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9801020501
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com
Govt. License 1518/074/075


## INVITATION FOR TENDERS

### Annapurna Power Company Pvt.Ltd.

**Civil Construction of Underground Structures for Upper Madi 0 Hydroelectric Project**

**Tender No. UMOHEP-CU-01**
**Date : 25th October 2024**

1) Annapurna Power Company Pvt.Ltd. invites sealed tenders/bids from eligible prequalified Tenderer's for the Civil Construction of Underground Structures for **Upper Madi 0 Hydroelectric Project (UM0HEP)**. Detail qualification criteria of the Tenderers are more elaborately described in the bidding document.
2) Interested eligible tenderers may obtain further information from Annapurna Power Company Pvt. Ltd. and inspect the bidding documents at the address given below during business hours.
3) A complete set of bidding documents in English may be purchased by interested tenderers from 25th October 2024 onwards, and upon payment of a nonrefundable fee of NRs 2,000.00 (In words, Nepalese Rupees Two Thousand only).
4) Tenders must be delivered to the address below at or before 12:00 hours local time on 30th October 2024. All bids must be accompanied by a bid security of NRs. 20,000.00 (In words, Nepalese Rupees Twenty Thousand only) deposited in the account No. 0010100004591201 at Citizen Bank Internation Ltd., Durbarmarg with a validity period of at least 150 days.
5) Late tenders/bids will be rejected. Bids will be opened in the presence of the tenderers' representatives who choose to attend at the address below at 13:00 hours local time on 6th November 2024.
ANNAPURNA POWER COMPANY PVT. LTD.
UPPER MADI 0 HYDROELECTRIC PROJECT
HEAD OFFICE, KALANKI, KATHMANDU-14
Tel. No: +977-9851163167
Email: annapurnapowercompany98@gmail.com
6) If the given date happens to be an official holiday, the next working day shall be considered as the date for tender submission and opening.

**Government of Nepal**
**Ministry of Agriculture and Livestock Development**
**Department of Agriculture**
**National Centre for Fruit Development**

## Temperate Horticulture Development Centre, Marpha

## Invitation for Bid

**Date of publication: 2081/07/09 (October 25, 2024)**

1. The Temperate Horticulture Development Centre Marpha invites Electronic bids form eligible bidders for the Construction of following Works under national competitive Bidding – Single Stage Two Envelope Bidding Procedures.
2. The details of the Project are as following.

| S. No. | Contract No./ID | Description of Works | Avg. Annual Turnover of best 3 years. | Work Experience of Similar Nature (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1. | THDC/NCB/W/01/081/082 | KaliGandaki River Training work for the Protection of Block-C & Block-D of Temperate Horticulture Development Center | 86,000,000.00 | 26,000,000.00 | 1,350,000.00 | 5,000.00 | November 24, 2024 - until 12 :00 pm |

Eligible Bidders may obtain further information from PPMO's website : www.bolpatra.gov.np/egp .

**Office Chief**

## Gandaki Rural Municipality

**Office of Rural Municipal Executive**
**Bhulmichok, Gorkha**
**Gandaki Province, Nepal**

## Invitation for E-Bid

**Date of publication: 2024-10-25 (2081-07-09)**

1. Gandaki Rural Municipality has allocated funds towards the cost of **Civil works** and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Gandaki Rural Municipality, Office of Rural Municipal Executive Invites Electronic Bid from eligible bidders for the following projects under National Competitive Bidding procedures.

| Identification No. | Description of work | Procurement Type | Estimated Amount (Without VAT) | Cost of Bidding Document | Bid security Amount | Validity for bid documents / bid security | Pre Bid Meeting | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|---|
| GRM/WORKS/DB/NCB/12/2081/82 | Design & Build of Hiklung Agriculture Ropeway | NCB Works | 88,29,500.00/- | 3,000/- | 2,50,000/- | 90 days /120 days after bid opening | 2024-11-14 (2081-07-29) 13.00 | 2024-11-24 (2081-08-09) 12.00 | 2024-11-24 (2081-08-09) 13.00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gandaki Rural Municipality, Office of Municipal Executive, Bhulmichok Gorkha, Gandaki Province, Nepal **98560-03367** or may visit PPMO website www.bolpatra.gov.np/egp or www.gandakimun.gov.np.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### डेंगी नियन्त्रणमा गम्भीर बन

देशभर डेंगी संक्रमण बढ्दो छ । मौसम बदलेर चिसो लाग्दा पनि लामखुट्टे घटेको छैन । जसकारण हुम्लाबाहेकका सबै जिल्लामा डेंगीको संक्रमण फैलिएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनायो । यस्तो अवस्थामा सरकारले भने सरकारी कार्यालयमामात्र डेंगीका नियन्त्रणका लागि सफाइ अभियान चलाउने निर्णय गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले सरकारी कार्यालयमामात्र डेंगी नियन्त्रण गर्ने अभियान चलाउने निर्णय किन गरेको होला प्रष्ट पारेको छैन ।

अहिले डेंगी सर्वसाधारणको घरघरमा पुगेको छ । निजी क्षेत्रमा पनि डेंगी संक्रमणको जोखिम उत्तिकै छ । महाशाखाको तथ्यांकअनुसार ७६ जिल्लामा २२ हजार ८२ जनामा डेंगी संक्रमण पुष्टि भएको छ । जसमा काठमाडौं र कास्की सबैभन्दा उच्च जोखिममा देखिन्छ । काठमाडौंमा ३ हजार ५९४, कास्कीमा ३ हजार १८८, तनहुँमा २ हजार २९५, पर्वतमा १ हजार ५८८, चितवनमा १ हजार २९, ललितपुरमा ९६८, बागलुङमा ८२१, गोरखामा ७७२, भक्तपुरमा ६२४, कैलालीमा ४०८ जनामा डेंगी संक्रमण भएको महाशाखाले जनायो ।

यसैगरी प्रदेशअन्तर्गत पहाडी तथा हिमाली जिल्ला भएको गण्डकी सबैभन्दा बढी प्रभावित भएको तथ्याङ्कले देखाउँछ । गण्डकीमा ९ हजार ५३१, बागमतीमा ७ हजार ७६८, कोशीमा १ हजार ६४६, लुम्बिनीमा १ हजार ३४८, सुदूरपश्चिममा १ हजार ६५ जनामा संक्रमण देखिएको छ । कर्णालीमा ३०० र मधेश प्रदेशमा भने ४२४ जनामा डेंगी संक्रमण भएको रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

तथ्याङ्क हेर्ने हो भने सरकारले देशभरका डेंगी प्रभावित क्षेत्रमा डेंगीका लार्भा नष्ट गर्ने अभियान सञ्चालन गर्नुपर्ने हो । यसका लागि आवश्यक पूर्वतयारी गर्नुपर्ने हो । किनभने अहिले घरघरमा डेंगीका लक्षण देखिने बिरामी देखिएका छन् । जाँच गर्दा नेगेटिभ रिजल्ट देखिए पनि ती व्यक्तिमा लक्षण भने देखिएका छन् ।

त्यसैले पनि सरकारले लार्भा नष्ट अभियान चलाएरमात्र हुन्न, यसका लागि आवश्यक औषधि तयारी गर्नुपर्छ । डेंगी लाग्दा कसरी उपचार गर्ने, यो रोग लाग्न नदिन के गर्ने भन्ने विषयमा चेतना फैलाउने काम सरकारको हो । यस्तो विपत्तिमा सरकारले जनताको ज्यान जोगाउने अभियान सञ्चालन गर्नुपर्छ । यस्तो नभए विपत्तिले सरकारको निरन्तरतामाथि नै धावा बोल्न सक्छ ।

# दिगो शान्तिका लागि गान्धीको पथप्रदर्शन



■ हरिविनोद अधिकारी

महात्मा गान्धी अर्थात् मोहनदास करमचन्द गान्धीको सन् १८६९ अक्टोबर २ तारिख गुजरातको पोरबन्दरमा जन्म भएको थियो । अंग्रेजी साम्राज्यबाट भारतलाई स्वतन्त्रता दिलाउने एक महान् भारतीय सपूत उनलाई भारतका राष्ट्रपिता मानिन्छ । उनलाई गौतमबुद्धपछि अहिंसाका पुजारीका रूपमा यो विश्वले मानेको छ ।

संयुक्त राष्ट्रसंघले पनि अक्टोबर २ तारिखलाई अन्तर्राष्ट्रिय अहिंसा दिवसका रूपमा मनाउन थालेको छ । जो जीवनभर अहिंसाका पुजारी रहे तर स्वयं भने आन्तरिक हिंसाका सिकार भए तर पनि आजसम्म विश्वलाई अहिंसाको माध्यमबाट मात्र समाज रूपान्तरणका गर्न सकिन्छ भनेर उत्प्रेरित गर्दै रहे । उनी जीवितभन्दा मृत्युपश्चात् विश्वका महान् दार्शनिकका रूपमा चित्रित गरिए । आफ्नो देशको किचलोलाई मिलाउने क्रममा नै उनको सहादत भयो, भनौं ३० जनवरी १९४८ मा हत्या गरियो । गान्धी स्वयं हिन्दू धर्मप्रति अत्यन्तै आस्थावान् भए पनि आफू एउटा राजनीतिज्ञका रूपमा भने धर्म निरपेक्ष थिए ।

अहिंसात्मक आन्दोलनका लागि प्रोत्साहन दिने पक्ष भनेको भारतबाट बेलायतलाई बहिर्गमन हुने अवस्था सिर्जना गर्ने महात्मा गान्धीको सत्याग्रहबाट प्राप्त अहिंसात्मक तागत थियो । नेपाली नेताहरूले राणा हटाउनका लागि राणाको मुख्य सहयोगी अंग्रेज हटाउनुपर्छ र अनिमात्र नेपालमा राणा विरोधी आन्दोलन चलाउन सकिन्छ भन्ने धारणा अन्ततः सत्य सावित भयो पनि । अहिंसात्मक आन्दोलनको बल कति हुँदो रहेछ भन्ने कुरा दक्षिण अफ्रिकाको परिवर्तनलाई पनि लिन सकिन्छ ।

आजको लोकतान्त्रिक बल भनेको नै अहिंसात्मक आन्दोलन हो र त्यो क्षमतालाई आजको समयमा आविष्कार गर्ने व्यक्ति भारतका राष्ट्रपिता मोहनदास करमचन्द गान्धी नै थिए । कतिसम्म भने दक्षिण अफ्रिकाको रंगभेद नीतिका विरुद्धमा लड्ने महामनिषी नेल्सन मन्डेलासमेत गान्धीका अनुयायी हुन् । संयुक्त राज्य अमेरिकाका रंगभेदविरोधी तथा लोकतान्त्रिक आन्दोलनका नेता मार्टिन लुथर किङ पनि गान्धीका नै अनुयायी थिए ।

नेपालका लोकतान्त्रिक अभियन्ताहरू, महान सहिदहरू शुक्रराज शास्त्री, दशरथ चन्द, गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा अनि महान् नेताहरू बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुवर्णशम्सेर, टंकप्रसाद आचार्य, डिल्लीरमण रेग्मी, महेन्द्रनारायण निधि, रामनारायण मिश्र आदिहरू सबै नै गान्धीप्रति नै झुकाव राख्ने थिए । अर्थात् अन्ततः अहिंसाबाट नै रूपान्तरणका लागि उनीहरू विश्वस्त थिए र त्यसैअनुसार आफ्ना कामहरू निर्देशित गरे ।

जबजब हामीहरू हिंसाबाट प्रताडित हुन्छौं, तबतब हामी अहिंसाका पुजारी महात्मा बुद्धको याद गर्दछौं र पछिल्लोपटक अहिंसाका लागि आफ्नो ज्यान नै विसर्जन गरेका भारतका राष्ट्रपिता महात्मा गान्धीको याद गर्दछौं । नेपालका लागि पनि गान्धी एक प्रेरणाका स्रोत नै थिए । नेपालमा पनि आज एउटा गान्धीको आवश्यकता परिरहेको छ, निःस्वार्थरूपमा अहिंसाका लागि सहादत दिन पनि पछि नपर्ने तर सत्यका पक्षमा अडिग रहने । सत्यलाई मात्र आफ्नो सिद्धान्त प्रयोगका लागि मुख्य औजार मान्ने ।

महात्मा गान्धी अहिले पनि वाणीविहीनहरूको वाणी बनेका छन्, करोडौं दुःखी-घरबारविहीन तर स्वतन्त्रताप्रेमी उन्नायकहरूका लागि भने जिउँदो ईश्वरका रूपमा प्रेरणाका स्रोत हुन् । उनी भन्ने गर्थे- मलाई विश्वास छ, हिंसाको तुलनामा अहिंसा अनन्तरूपले माथि हुन्छ, दण्डको तुलनामा क्षमा नै धेरै मानवोचित वा मान्छेप्रति न्याय गर्ने एउटा सवल आधार हुन्छ । गान्धीको विचारमा सत्य एउटै हुन्छ र सत्यको स्थापना विनाशान्ति सम्भव छैन । सत्यको स्थापनाका लागि हिंसा बर्जित हुन्छ र अहिंसाबाट मात्र सत्य र शान्तिको स्थापना र समृद्धि सम्भव छ ।

गान्धी भारतको राष्ट्रपति पनि बनेनन्, प्रधानमन्त्री पनि बनेनन्, गभर्नर जनरल पनि बनेनन् तर भारतलाई औपनिवेशिक जञ्जिरबाट स्वतन्त्र गराउन सक्षम भएकाले उनलाई कृतज्ञ भारतीयहरूले राष्ट्रपिता मान्दछन् । महान् भारतीय जनतालाई औपनिवेशिकताको कठोर कारावासबाट उन्मुक्ति दिन गान्धीले अहिंसाको अत्यन्त धारिलो हतियार प्रयोग गरे । हजारौं ट्यांक, लाखौं बन्दुक र करोडौं गोलीसँग लड्न उनले सत्य र अहिंसाको दुईधारे हतियार प्रयोग गरे । जुन उदारता र महानताका साथ गौरवशाली नेतृत्व गान्धीले प्रदर्शन गरे, त्यसैले पोरबन्दरको एउटा बालक एक दिन महान् भारतको महात्मा गान्धी बने, भूगोलको सीमा चिरेर स्वाभिमानी, स्वतन्त्रताप्रेमी, लोकतान्त्रिक मूल्य र मान्यताको धरोहर र अहिंसाको ज्वलन्त द्योतक भएर विश्व समुदायमा अनुप्राणित हुनपुगे । आज अहिंसाको कुरा गर्दा आधुनिक विश्वमा गान्धीको नाम नै प्रेरणाका स्रोतका रूपमा पाइन्छ । संयुक्त राष्ट्रसंघलेसमेत अक्टोबर २ लाई अन्तर्राष्ट्रिय अहिंसा दिवसका रूपमा मनाउन आफ्ना सदस्य राष्ट्रहरूलाई आह्वान गरेको छ ।

गान्धीमा जनताप्रति अगाध आस्था र प्रेम थियो । सत्य र अहिंसाप्रतिको अविचल आस्थाले बरु सहिद हुन रुचाए तर कसैसँग असत्यको पक्षमा घुँडा टेकेनन्, आफ्नो आस्थाविरुद्धमा । गान्धीलाई एउटा ज्योतिर्मय अन्तर्दृष्टि भएछ- सहादत प्राप्त गर्नुभन्दा दुई दिन अघिमात्र, उनले भनेका थिए- मलाई कसैले गोली हानेर मार्छ भने पनि म उसलाई छेक्ने पनि छैन, म उसलाई दण्डको भागी गराउन सिफारिस पनि गर्दिनँ र ऐया पनि भन्दिनँ । यो भनाइ २८ जनवरी १९४८ को थियो । ३० जनवरी १९४८ मा जब उनलाई नाथुराम गोड्सेले गोली हान्दामात्र उनका मुखबाट अन्तिम शब्द 'हे राम ! हे राम !! हे राम !!!' मात्र निस्कियो । यो नै एउटा महात्माको महानिर्वाण थियो र गोलीको बदला क्षमामात्र थियो ।

अहिले विश्वभर हिंसात्मक द्वन्द्वले अनावश्यक महत्त्व पाएको छ । यतिबेर रुस, युक्रेन, मध्यपूर्वको इजरायल, लेबनान, प्यालेस्टाइन स्वशासित प्रशासनिक क्षेत्र, इरान र सिरिया हिंसाको चपेटामा चेपिएका छन् । हिंसा र द्वन्द्वका सहारामा विश्व जित्ने, राष्ट्र जित्ने, व्यक्ति तथा समुदायहरूलाई आतंकित बनाई आफ्नो अभीष्टता पूरा गर्ने लहर चलेको छ । त्यो लहर दक्षिण अमेरिकामा छ, उत्तर अमेरिकामा छ, अफ्रिका-युरोप र एसियामा देखिएको छ । शान्त भूभाग, दक्षिण पूर्वी संसार पनि त्यसबाट अछुतो छैन ।

> अहिले विश्वभर हिंसात्मक द्वन्द्वले अनावश्यक महत्व पाएको छ । यतिबेर रुस, युक्रेन, मध्यपूर्वको इजरायल, लेबनान, प्यालेस्टाइन स्वशासित प्रशासनिक क्षेत्र, इरान र सिरिया हिंसाको चपेटामा चेपिएका छन् । हिंसा र द्वन्द्वका सहारामा विश्व जित्ने, राष्ट्र जित्ने, व्यक्ति तथा समुदायहरूलाई आतंकित बनाई आफ्नो अभीष्टता पूरा गर्ने लहर चलेको छ । त्यो लहर दक्षिण अमेरिकामा छ, उत्तर अमेरिकामा छ, अफ्रिका-युरोप र एसियामा देखिएको छ । शान्त भूभाग, दक्षिण पूर्वी संसार पनि त्यसबाट अछुतो छैन । यसबेलामा शान्ति र अहिंसाको महत्व झन् बढेको छ । विश्वभर गान्धीको सम्झना सबैलाई आउन थालेको छ ।

यसबेलामा शान्ति र अहिंसाको महत्त्व झन् बढेको छ । विश्वभर गान्धीको सम्झना सबैलाई आउन थालेको छ । विश्व समुदायको प्रतिनिधि संस्था संयुक्त राष्ट्रसंघले पनि अन्तर्राष्ट्रियरूपमा अहिंसालाई संस्थागत संस्कृतिको स्वरूपमा आत्मसात् गर्न अक्टोबर २ लाई गान्धी दिवस अथवा अहिंसा दिवस मनाउने निर्णय गरेको छ । यसले पनि अहिंसालाई विश्व समुदायले महत्त्वपूर्णरूपमा हेरेको प्रमाणित हुन्छ । यो अहिंसाको महत्त्व बढेको नै आजको हिंसात्मक प्रवृत्तिको विस्तारका कारणले हो ।

अब मोहनदास करमचन्द गान्धी-महात्मा गान्धी भारतको मात्र नेता, राष्ट्रपिता वा दार्शनिक रहेनन् । उनी नेल्सन मन्डेलाका पनि प्रेरक व्यक्तित्व हुन्, मार्टिन लुथर किं जुनियर, डाक्टर ओस्कार आरियस साञ्चेज, बिपी कोइराला, डिल्लीरमण रेग्मी, जवाहरलाल नेहरू, आङसाङ् सुकी र अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामा आदि अहिंसावादी हजारौं-लाखौं नेताहरूको, भोकापीडित, द्वन्द्वपीडित, हिंसापीडित, रंगपीडितहरूको दुःख बिसाउने र विभेदका विरुद्ध लड्नका लागि प्रेरणाका स्रोत बनेका छन् ।

आज महात्मा गान्धीको देश नजिकको छिमेक पाकिस्तान, अफगानिस्तानमा मौलाएको हिंसा संसारभर फैलिएको छ । विश्वको सर्वशक्तिमान देश संयुक्त राज्य अमेरिकासमेत हिंसाबाट पीडित छ । आतंकको कालो छायाबाट बर्सेनि लाखौं निरपराध व्यक्तिहरू हिंसाको सिकार हुन्छन् । नेपाल अझै पनि हिंसाको चोटबाट ब्युँझिन सकेको छैन । नेपाल अझै द्वन्द्वपश्चात्को संक्रमणबाट गुज्रिरहेको छ । यस संवैधानिक कार्यान्वयनको संक्रमणकालको अन्त्यका लागि एउटा अचुक र अमोघ शस्त्र भनेको सत्य र अहिंसाको साधना हो ।

आज हामीले पनि महान् गुप्त साम्राज्यका प्रतिनिधि सम्राट अशोकबाट सिक्नुपर्ने भएको छ- जुन दिन उनले रक्तरञ्जित खुँडा पावन गंगा नदीमा पखालेर जनतासँग क्षमायाचना गरे र लुम्बिनीमा आएर पीडितसँग क्षमा माग्दैन, फेरि कहिल्यै कुनै प्रकारको हत्या हिंसामा संलग्न नहुने प्रतिज्ञा गर्दै बुद्धको जन्मस्थलमा शान्ति स्तम्भ स्थापना गर्न योगी बने, अनिमात्र अशोक जनसमुदायका महान् सम्राट अशोक बने र आज पनि हामी उनको नाम आदर साथ लिन्छौं ।

अब हामीले पनि गान्धीबाट सिक्ने कुरा के हो भने द्वन्द्व, शस्त्रास्त्र भनेका फगत वर्तमानलाई आतंकित पारेर, राज्यसत्ता कब्जा गर्न सकिने क्षणिक प्रवृत्तिमात्र हुन्, असल शान्तिको आधार भनेको त सत्यलाई स्वीकार गर्ने अहिंसामात्रै हो । सम्राट अशोकबाट पनि हामीले सिक्ने भनेको हत्या र हिंसाबाट शान्ति कायम गर्न कहिल्यै सकिँदैन, क्षमा र प्रार्थनाबाट अतीतको कालो धब्बा धुन र पुछ्न सकिन्छ । गान्धी हाम्रो आध्यात्मिक चेतका पछिल्ला आकार हुन् र विश्वलाई अहिंसाको पाठ सिकाउने महान् गुरु हुन् । नेपालमा पनि अहिंसाको सुवासले सबै हिंसावादीहरूलाई हिंसाबाट सत्ता कब्जा हुन सक्छ तर सार्वभौम जनतामा शान्ति स्थापना हुँदैन भन्ने सत्यको स्थापना हुनेगरी बुद्धि पलाओस् । *रासस*

*(लेखक राजनीतिक विश्लेषक हुन्)*

# आफूलाई पर्दा सडकमा ओर्लने, अरूलाई कानुन सिकाउने !

नक्कली भुटानी शरणार्थी प्रकरणमा नेपाली कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री बालकृष्ण खाँणलाई २०८० वैशाख २७ गते प्रहरीले नियन्त्रणमा लियो । सोही प्रकरणमा नेकपा एमालेका नेता एवं उपप्रधानमन्त्रीसमेत भइसकेका टोपबहादुर रायमाझी २०८० वैशाख ३१ गते गिरफ्तार भए । नेकपा माओवादी केन्द्रका नेता तथा पूर्वसभामुख कृष्णबहादुर महरा २०८० चैत ५ गते पक्राउ परे । यी तीनै नेता राजनीतिक दलका उच्च पदस्थका नेता हुन् । यद्यपि, तीनै जना पक्राउ पर्दा सम्बद्ध दलहरूले आन्दोलन गरेनन् । अहिले सहकारी ठगी आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने समातिएका हुन् ।

काठमाडौंको वनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयबाट उनलाई गत कात्तिक २ गते सिआइबीले पक्राउ गरेको हो । सोही दिन राति उनलाई जिल्ला प्रहरी कार्यालय कास्की पुऱ्याइयो । लामिछानेमाथि सहकारीको ६४ करोड रूपैयाँभन्दा बढी रकम हिनामिना गरेको आरोप छ । सहकारीमा सर्वसाधारण जनताले बचत गरेको करोडौं रकम हिनामिना गरेको आरोप लागेका उनलाई अहिले रिहा गर्नुपर्ने माग गर्दै रावस्पाका समर्थकहरू निरन्तर प्रदर्शनमा छन् । हिजो कांग्रेस, एमाले, माओवादीहरूले आफ्ना नेता समातिँदा आन्दोलन गरेनन् ।

अदालतको फैसलालाई स्वीकारे । तर, अहिले लामिछानेले कानुन स्वीकार्नुको साटो उल्टै आफ्ना समर्थकहरूलाई सडकमा उतारेका छन् । जबकि, उनकै कारण सहकारीमा बचत गरेका लाखौं बचतकर्ताको खर्बौं रकम डुबेको छ । सहकारीमा जम्मा गरेको रकम डुब्दा कतिपयको मानसिक सन्तुलन नै गुमेको छ ।

अधिकांश पीडित सुकुम्बासी अवस्थामा पुगेका छन् । सहकारीमार्फत यत्रो सर्वसाधारणको बिल्लीबाठ बनाउँदा रास्वपाका समर्थकहरू भने अहिले उनलाई रिहा गर्नुपर्ने माग गर्दै सडकमा ओर्लिएका छन् । लामिछानेका कारण सहकारी डुब्यो । बचतकर्ता बिचल्लीमा परे । सहकारी डुब्दा मुलुकको अर्थतन्त्रमा असर परेको छ । अहिले बैंकमासमेत यसको असर देखिन थालेको छ । कतिले घरजग्गालगायत आफ्नो पुख्यौली सम्पत्ति बेचेर आयआर्जन गरेको रकम सहकारीमा राखेका थिए । कतिपयले विदेश गएर कमाएको रकम राखे ।

तीन वर्षदेखि सहकारी पीडितहरू आन्दोलनमा छन् । कहिले धर्ना बस्छन् त कहिले अनसन । दिनरात आन्दोलन गरेपछि बल्ल सरकारले संसदीय छानबिन समितिले गठन गऱ्यो । समितिले रास्वपा सभापति लामिछानेलाई दोषी ठहर गर्दै कारबाहीका निम्ति सिफारिस गरेको छ । सोही प्रतिवेदनका आधारमा उनी पक्राउ पर्दा अहिले रास्वपा समर्थकहरू सडकमा उत्रिएका छन् । सहकारीमा पैसा फसेका पनि नेपाली जनता नै हुन् । लामिछानेलाई एउटा घमण्ड भयो कि आफ्ना समर्थकलाई सडकमा उतारेपछि बचिन्छ । अदालतले छुट दिन्छ ।

यसअघि ०७६ साउन ३० गते उनलाई प्रहरीले आत्महत्या दुत्साहन मुद्दामा समातेको थियो । नुवाकोट घर भई काठमाडौं बस्दै आएका पत्रकार शालिग्राम पुडासैनीले ०७६ साउन २० गते चितवनको पोखरा बसपार्कस्थित कंगारु होटलमा आत्महत्या गरे । उनले आत्महत्या गर्नुअघि एक भिडियो रेकर्ड गरेका थिए । जसमा लामिछानेले आफूलाई आत्महत्या गर्न बाध्य बनाएको पुडासैनीले बताएका छन् । उक्त भिडियो फेला परेपश्चात् प्रहरीले लामिछानेलाई पक्राउ गऱ्यो । त्यतिबेला उनी न्युज२४ टेलिभिजनमा कार्यरत थिए । र, मिडिया हाउसबाटै उनलाई गिरफ्तार गरियो । लामिछानेलाई समातेपछि न्युज२४ ले देशभरका जनतालाई सडकमा उताऱ्यो । लामिछानेले न्युज२४ मा 'सिधा कुरा जनतासँग' नामक कार्यक्रम चलाउँथे ।

चितवनमा हुलहुज्जतसँगै सडक आन्दोलनले ठूलो रूप लिएपछि अदालत उनलाई छोड्न बाध्य भयो । प्रहरी प्रशासनले मिसिल कमजोर बनायो । अनि अदालतले पनि दबाब सहन नसकेर उनलाई २४ दिनमै हिरासतमुक्त गराइयो । जबकि उनी जेल जानुपर्ने व्यक्ति हुन् । उनलाई जेल पुऱ्याउन आवश्यक सम्पूर्ण प्रमाण थियो । तर, उनका समर्थकहरूले त्यतिबेला पनि प्रहरी र अदालतलाई नै दबाब सिर्जना गर्नेगरी आन्दोलन गरेपश्चात् लामिछाने जोगिए ।

त्यतिखेर प्रधानमन्त्री एमाले अध्यक्ष केपी शर्मा ओली थिए । लामिछानेद्धारा सञ्चालित सिधा कुरा जनतासँग कार्यक्रममा उनी हरेक शनिबार अन्तवार्ता दिन स्टुडियो पुग्थे । ओलीसँग नजिक भएकै कारण पनि लामिछाने पत्रकार पुडासैनी आत्महत्या प्रकरणमा छोडिए । वर्तमान सरकारमा पनि ओली पनि प्रधानमन्त्री छन् । लामिछाने फेरि ओली नै प्रधानमन्त्री हुँदा समातिएका हुन् । ओलीकै पहलमा लामिछानेले ०७९ पुस ११ र ०८० फागुन्न २३ गते गरी दुईपटक गृहमन्त्री बने । प्रधानमन्त्री ओलीले यसपालि पनि रविलाई बचाउन खोजेका थिए । उनलाई बचाउनकै निम्ति ओली सहकारी संसदीय छानबिन समिति गठन गर्न तयार भएका थिएनन् । तत्कालीन प्रधानमन्त्री माओवादी अध्यक्ष पुष्पकमल दाहालले समेत रवि निर्दोष छन् भन्दै सदनमै उभिएर बोले । ओलीले पनि त्यही दाबी गरेका थिए ।

पछि कांग्रेसले समिति गठन गर्नुपर्ने माग गर्दै निरन्तर दुई महिनाभन्दा बढी समय सदन अवरोध गरेपश्चात् सरकार समिति गठन गर्न बाध्य भयो । ०८१ जेठ १५ गते आव २०८१/८२ को बजेट सदनमा ल्याउनुपऱ्यो । कांग्रेसले छानबिन समिति गठन नगरी बजेट भाषण सार्वजनिक गर्न नदिने भन्यो । अनि आफ्नो सरकार टिकाउन र बजेट भाषण सार्वजनिक गर्न तत्कालीन प्रधानमन्त्री दाहाल, एमाले अध्यक्ष ओली र गृहमन्त्री लामिछाने छानबिन समिति गठन गर्न तयार भएका हुन् । एमाले नेता सूर्यबहादुर थापाको अध्यक्षतामा समिति गठन गरियो । सोही समितिको प्रतिवेदनका आधारमा रवि पक्राउ परेका हुन् ।

अब जनताले बुझ्नुपर्छ, कोही पनि दल शुद्ध छैनन् । चाहे पुराना होस् या नयाँ । सबै दल मिलेर देश लुटिरहेका छन्, पालैपालो । अब जनता कुनै पनि व्यक्तिलाई बचाउनुपर्छ भनेर कार्यकर्ताको रूपमा सडकमा उत्रिने होइन । आफ्नो मातृभूमिका लागि लड्ने हो । यदि कोही निर्दोष छ भने उसले न्याय पाउँछ नै । तर, दोषीलाई जोगाउन सडकमा उत्रिनु हुन्न । किनकि एकपटक आफ्ना समर्थकलाई सडकमा उतारेर जोगिएला तर बराम्बार जोगिन सम्भव हुँदैन ।

**– कपिल खड्का, बानेश्वर**

## मननयोग्य

### चाणक्य नीति

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे ।

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर । 'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधैं निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नदी किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मिथिलाका शिल्पी माटामा खेल्दै

■ गोपालप्रसाद बराल

**महोत्तरी–** दीपावली र छठको आगमनसँगै महोत्तरीसहित मधेसका हटियामा जतातत‍ै माटाका भाँडा देखिन्छन् । सामान राख्ने तौला, दही जमाउने छ्याँची, पानी राख्ने घडा, बत्ती बाल्ने दियो, छ्याँची छोप्ने ढकन, र कलशका रूपमा प्रयोग हुने अम्खोरा र छठ पर्व लगत्तै सुरु हुने सामाचकेवा तथा त्यसबेला खेलिने हात्ती र खेलौनासहितका माटाका भाँडा हाटका आकर्षण बनेका छन् ।

मिथिला परम्परामा माटाका भाँडावर्तन शुद्ध हुने विश्वास तथा प्रयोग गरिने प्रचलनले यी पर्वमा बस्तीपिच्छेका बजारमा उत्साहपूर्वक क्रयविक्रय जारी छ । अन्य पर्वका बेला प्रायः नदेखिने कुम्भकारहरू पनि छैटका बेला नयाँ उमंगका साथ बजारमा भेटिन्छन् । उनीहरूका हात साँझबिहान निरन्तर चक्रमा व्यस्त छन् । कतिपय ग्राहकले पेस्की दिएर भाँडा बनाइ दिन माग गरेका छन् । यस्ता ग्राहकको फर्माइस र बजारमा भाँडाको माग बढेपछि अहिले कुम्हाललाई दोमट माटो खोजेर ल्याउने, धुल्याउने, मुछ्ने र थरिथरिका भाँडा बनाउन चक्र घुमाउन भ्याइनभ्याइ छ ।

'कि करु हजुर, अखैन सिजन अई, फेरु दिवाली, छठके बाद त हमरासबके खोजबाला कोई नई रहत, ताहीद्वारे आन सब काम छोइडक बर्तन बन्बमे लागल छि (के गरौं हजुर, अहिले यी भाँडाको बेला छ, दीपावली/छठपछि हामीलाई खोज्ने कोही हुँदैन, त्यसैले अहिले अरु सबै काम छाडेर भाँडा बनाउन जुटेका छौं),' औरही नगरपालिका-४ श्रीपुर कविलाशाका ५० वर्षीय सुरेश पण्डित कुम्हाल भन्छन् ।

केही दशकअघिसम्म दैनिक प्रयोजनमा प्रयोग हुने माटाका भाँडा अब यहाँका भान्सामा देखिन छाडेका छन् । माटाका भाँडामा राखिएका सामग्री शुद्ध रहने विश्वास कायमै रहेपनि यी सानो ठक्करमै वा झरेर प्याट्ट फुट्ने भएपछि आम उपभोक्ताले अब दैनिक प्रयोजनका धातु र प्लास्टिकका भाँडा प्रयोग गर्न थालेका छन् । अन्यबेला खासै प्रयोगमा आउन छाडे पनि दीपावली र छठमा यिनै भाँडा प्रयोग गर्नपर्ने धार्मिक मान्यता र विश्वासले अहिले यस भेगका सबै हाट र बस्तीबस्तीमा माटाका भाँडाका छुट्टै बजार जमेका हुन् ।

वैदिक परम्परा, धार्मिक मान्यता र पवित्रताको भावले गर्दा दीपावली र छठमा माटाका भाँडाको प्रयोगले निरन्तरता पाउँदै आएको मिथिलाका संस्कृतिविद्को धारणा छ । पर्वअनुष्ठानका सबै विधिका सामान राख्न नयाँ भाँडा प्रयोग गरिनुपर्ने स्थापित परम्पराले अहिले माटाका भाँडाको माग हुने गरेको संस्कृतिविद् एवं साहित्यकार जलेश्वर नगरपालिकाको बखरी बस्तीका बासिन्दा ८५ वर्षीय महेश्वर राय बताउँछन् ।

हाल पर्व विशेषमा बिक्री हुने भाँडाकै आर्जनबाट आफ्नो चाडपर्व धान्नसँगै वर्षभरिको नगद खर्चको जोहो गरिनुपर्ने हुँदा सपरिवार यसै काममा जोतिनुपरेको भंगाहा-५ भूचक्रपुरका सीताराम पण्डित कुम्हाल बताउँछन् । 'पहिले हाम्रो गुजाराको पेसा नै यही थियो, अब भने दैनिक आवश्यकतामा प्लास्टिक र अन्य धातुका भाँडाको प्रयोग बढेपछि चाडपर्वमा खुम्चिएका छौं,' सीताराम भन्छन्, 'वर्षभरिको गुजारा नै त हैन, थोरथार नगद खर्चको जोहो र चाडपर्वको खर्च भने अहिलेको मिहेनतले धान्छ ।'

दीपावली र छठ पर्वका अवसरमा महोत्तरीका १५ वटा स्थानीय तहका बजारमा पछिल्ला तीन वर्षको खरिदबिक्री सालाखाला ५० लाख सेरोफेरोको कारोबार हुने गरेको महोत्तरीका उद्योग वाणिज्य संघका पदाधिकारी बताउँछन् । विगतका आठ गाविस समेटेर बनेको जिल्लाको सबैभन्दा बढी भूगोल र जनसंख्या ओगटेको बर्दिबास नगरक्षेत्रमा १५ लाख हाराहारीमा माटाका भाँडाको कारोबार भएको बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष विष्णु खड्का बताउँछन् । *रासस*

# विवादकैबीच भत्काइयो भक्तपुर क्याम्पसको संरचना

**भक्तपुर (प्रस)–** भक्तपुर नगरपालिकाले भक्तपुर बहुमुखी क्याम्पसको गेट, खानेपानी ट्यांकीलगायतका संरचना भत्काएको छ । क्याम्पससँगै रहेको भाजु पोखरीको दक्षिणतर्फ २० फिटको सडक खोल्न भन्दै नगरपालिकाले क्याम्पस प्रशासनलाई कुनै जानकारी नै नदिई क्याम्पसको संचरनामा दुई डोजर चलाएर भत्काएपछि क्याम्पस प्रशासनले सुरक्षाको माग गरेको छ ।

क्याम्पस प्रमुख कविता लुइँटेलले त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेको सो क्याम्पसमा नगरपालिकाले संरचना भत्काएको बताइन् । उनले भनिन्, 'पोखरीमा बाटो बनाउन नगरपालिकाले क्याम्पसको जग्गा मागिरहेको थियो, मैले दिन मिल्दैन, यो त्रिभुवन विश्वविद्यालयको जग्गा हो, उसको निर्णय आउन कुरिदिनुस् भनेको थिएँ, तर नगरपालिकाले कुनै जानकारी नै नदिई डोजर ल्याएर क्याम्पसको संरचना भत्काएको छ, क्याम्पसको अर्बौंको सम्पत्तिसमेत जोखिममा परेको छ ।'

त्रिभुवन विश्वविद्यालयले गठन गरेको जग्गा छानविन आयोगले बुधबारमात्रै स्थलगत अवलोकन गरेर गएको र त्यसको प्रतिवेदन बुझाएपछि आएको निर्णयानुसार दुवैको सहमतिमा काम गर्ने भनेर नगरपालिकालाई भनेको उनले बताइन् । क्याम्पस प्रमुख लुइँटेलले भनिन्, 'नगरपालिकाले पठाएको प्रत्येक पत्र विश्वविद्यालयका उपकुलपति र रजिस्ट्रारलाई पठाएका छौं, उताबाट जवाफ नआउँदै नगरपालिकाले डोजर चलायो, दुई घण्टा कुरिदिनु विश्वविद्यालयमा यसबारे बैठक बस्दै छ भन्दा पनि मानेन ।'

क्याम्पस कल्याण कोषका संयोजक शेरसिंह राईखोलाले नगरपालिकासँग कसरी सहमति गरेर जान सकिन्छ भनेर पटक-पटक आफैं बसेर छलफल गरिरहेको अवस्थामा अचानक सरकारी संरचनामाथि डोजर चलाएर क्याम्पसको जग्गा कब्जा गरिएको बताए । विद्यार्थी नेता चुडामणि पौडेलले क्याम्पसको जग्गा कब्जा गरेर नगर प्रहरी र यहाँ आएका कर्मचारीले विरोधमा उत्रिएका विद्यार्थी तथा क्याम्पस कर्मचारीमाथि हातपात गरेको आरोप लगाए ।

नगरप्रमुख सुनिल प्रजापतिले भाजु पोखरी निर्माण सम्पन्न भइसकेको अवस्थामा क्याम्पसले ओगटेको जग्गामा २० फिटको सडक बनाउन खोज्दा वर्षौंदेखि अटेर गरी बसेकाले बाध्य भएर डोजर चलाउनुपरेको बताए । उनले २०२१ सालको नक्सामा उक्त जग्गा पोखरीको डिल भएको उल्लेख रहेको र पोखरीको जग्गा क्याम्पसले ओटगेकाले उक्त जग्गामा पोखरीको दक्षिणतर्फ परम्परागत शैलीमा सडक निर्माण गर्न केही सामान्य संरचना भत्काइएको बताए ।

## बौदीकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी (ब.सु.पू)

**नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०७/०९**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को परिच्छेद-३ दफा ११ को उपदफा २ को (घ) को (६) र गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१ को दफा ८ को (१) को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी बौदीकाली गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | BRM/NCB/GOODS-01/2081/82 | छेराङ्ग कुना क्षेत्र | १०,५४७.९१ | ३३,५२,४६३.९७ | कबोल अंक को ५% ले हुन आउने रकम ग्लोबल आई. एम. ई. बैंक बौदीकाली शाखा २७१०४०१०००००१ | प्रत्येक ठेक्काको रु ३००० ग्लोबल आई. एम. ई. बैंक बौदीकाली शाखा २७१०४०१०००००९ |
| २ | BRM/NCB/GOODS-02/2081/82 | सेरा घाट क्षेत्र | ८,७४७.९० | २७,८०,३६१.९२ | | |
| ३ | BRM/NCB/GOODS-03/2081/82 | कटुवा क्षेत्र | ७,५७८.०० | २४,०८,५३०.९० | | |
| ४ | BRM/NCB/GOODS-04/2081/82 | सेरा पचासे दोभान क्षेत्र | ५९६३.७८ | १८,९५,४८०.१३ | | |

(नोट : विस्तृत जानकारी एवं शर्तहरुको लागि यस कार्यालयको Website www.baudikalimun.gov.np मा समेत हेर्न सकिनेछ ।)

**प्रमुख प्रशासकीय अधिकृत**

## Gramthan Rural Municipality

**Office of the Rural Municipal Executive**

**Tetariya, Morang**

**Koshi Province, Nepal**

**Invitation for Bids**

*Date of publication: 2081/07/09*

1. Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of work as stated in table below.

| S. N. | Contract ID/ IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | G.R/NCB/WORKS/ 12-081-082 | Uday Mishra Ko Ghar Dekhi Uttar Purba Ko Bato Kalopatrey ra Nala Nirmaan | 4999931.77 | 3000 | 1,10,000 | |
| 2 | G.R/NCB/WORKS/ 13-081-082 | Wada No. 1 Bibhinna Sadak Kalopatrey (Package) | 6998581.31 | 3000 | 1,50,000 | |

For more Details https://bolpatra.gov.np/

**Chief Administrative Officer**

## सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बाह्रबिसे, संखुवासभा

कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना**

सूचना प्रकाशित मिति: २०८१/०७/०९

यस गाउँपालिकाको कार्यालयबाट मिति २०८१/०५/१९ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक विद्युतिय माध्यम द्वारा पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्याकंन समितिबाट न्युनतम मूल्याकिंत तथा सारभुत रुपमा प्रवाभग्राहि देखिएका देहाय बमोजिमको बोलपत्रदातालाई स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ बमोजिमको प्रयोजनार्थ ७ दिने सूचना सम्बन्धित सबैको जानकारिको लागि प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | बोलपत्र नं./ ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम / ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | SPRM/UBS/ NCB/03/ 081/082 | Supply and delivery of different diameter HDPE Pipes (NS 40, PE 100) | नेपाल प्लाष्टिक्स प्रा.लि., धरान औद्योगिक क्षेत्र, धरान-८, सुनसरी | १४,९१,२८३.६० (अक्षरुपी चौध लाख एकानब्बे हजार दुई सय त्रीयसी रुपैया साठ्ठी पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

## Government of Bagmati Province

**Ministry of Water Supply, Energy and Irrigation**

**Water Resources and Irrigation Development Division Office**

**Dhulikhel, Kavre**

**Invitation for Online Bids**

**Date of Publication: 2081-07-09 (2024-10-25)**

1. Water Resources & Irrigation Development Division Office, Dhulikhel, Kavre invites electronic bids from Nepalese eligible bidders for the Supply of machine made gabion boxes, under sealed quotation procedures.
2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Water Resources & Irrigation Development Division Office, Dhulikhel Tel: 011-490461; Email: iddkavre@gmail.com; or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp
3. Bidder needs to submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

| S. N. | Sealed Quotation No. | Name of the Project/ Work Description | Estimated Amount (with VAT, NRs.) | Bid security Amount NRs. | Cost of bidding document NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | EW/WRIDDKAVRE/ 01/2081/82 | Supply of machine made gabion boxes | 19,14,220.00 | 55,000.00 | 1,000.00 | SQ |

**Division Chief**

## प्रमाणपत्र हराएको सूचना

मिति: २०८१/०४/०६ गते जावलाखेलदेखि रत्नपार्कसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको त्रिभुवन विश्वविद्यालयबाट जारी भएको स्नातक तहको सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : देभ किरन महर्जन
रजिस्ट्रेसन.नं.: ७-२-२५६-०२९५-९६
सिम्बोल.नं.: ९४१२/४२
ठेगाना.: बालकुमारी, ललितपुर
सम्पर्क: ९७६५५६५९४४

## माइग्रेसन हराएको सूचना

मिति: २०८१/०५/३० गते का.जि.च.न.पा. १ दहचोकदेखि कलंकीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी भक्तपुरबाट जारी भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : रोसन दानी
रजिस्ट्रेसन.नं.: ६९२७२६०१५
सिम्बोल.नं.: ३२७०१२४३
ठेगाना.: चन्द्रागिरि-१, काठमाडौं
सम्पर्क: ९८५१२४४७७१

## मोटरसाइकल हरायो

रोशन गिरीको नाममा रहेको । निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८१/०७/०५ गते का.जि.ता.न.पा वडा नं. १० मनमैजु स्थित घर छेउमा पार्किङबाट दिउसोको ११:५० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला ।

प्रकार – Pulsar-NS 200 C.C.
बाई नं. BA Pra-02-052 PA 6433
चेसिस नं. MD2A36FX8RCE97603
इन्जिन नं. JLXCRE86215
रङ – BLACK/RED
ठेगाना – जि धादिङ् सिद्धलेक गा.पा. वडा नं. ०७
सम्पर्क – 9803310446


## युएईमा रोजगार

कम्पनी : AL LAITH PROJECTS SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/०५ | LT. No. 312451 | चलानी नं. ६०२२६८५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder -Grade 1 | 80 | 0 | 1200 | ४३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १६ गते (1st Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. २२७/०५८/५९
JOBS CENTER PVT. LTD. (My Careers H.R. Solutions Pvt. Ltd.)
Bansbari, Kathmandu, Nepal, Tel: 015906752, 015906753, 014375876

## कतारमा रोजगार

कम्पनी : Care Pro W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०७/०८ | LT. No. 312696 | चलानी नं. ६०२२७१०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN. CLEANER WORKER | 4 | 0 | 1000 | ३६,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १६ गते (1st Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14, Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## साउदीमा रोजगार

कम्पनी : Eastern Itqan Equipment Rental Establishment

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312555 | चलानी नं. ६०२२७१०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १६ गते (1st Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## साउदीमा रोजगार

कम्पनी : Al Jazeera Contracting Service Company

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312574 | चलानी नं. ६०२२७०६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck/Bus Driver | 5 | 0 | 1500 | ५३,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १६ गते (1st Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Elite Gurkhas Overseas Pvt. Ltd. श्रम ईजाजत नं.५३५/०६१/०६२
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1- 4975567, 4975568, E-mail: info@elitegurkhas.com.np, Web: www.elitegurkhas.com.np

रूपशाला

## 'पूर्ण बहादुरको सारंगी'को 'रैयाँ चाँदीको'

तिहारको अवसर पारेर कात्तिक १५ गते लक्ष्मीपूजाबाट प्रदर्शनमा आउन लागेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को नयाँ गीत 'रैयाँ चाँदीको' सार्वजनिक गरिएको छ । दोहोरी ब्याटल शैलीको 'रैयाँ चाँदीको' गीतमा आशिष अविरल र मेलिना राईको स्वर छ भने नवराज पन्तको शब्द तथा गायक अविरलकै सङ्गीत छ । भिडियोमा फिल्मका दुई प्रमुख पात्र विजय बराल र अञ्जना बराइली सर्तसहित रोधी बसेका छन् । बाटुली (अञ्जना) हारे पूर्ण (विजय)को श्रीमती बन्ने अनि पूर्ण हारे बाटुलीको घरमा हली बस्नुपर्ने सर्त राखिएको छ ।





# ५० वर्षअघि अमेरिका पुगेका इन्द्रको 'अटोबायोग्राफी'




**न्युयोर्क–** पचास वर्षअघि अमेरिका पुगेका इन्द्र तामाङको आत्मकथा लोकार्पण गरिएको छ । अमेरिकाको न्युयोर्कस्थित ज्याक्सनहाइटमा रहेको हिमालयन रेस्टुरेन्ट एन्ड बारमा आयोजित कार्यक्रममा तामाङको आत्मकथा 'माई क्युरियस इअर्स विथ चार्ल्स हेनरीफोर्ड, द अटोबायोग्राफी अफ इन्द्र बी. तामाङ' लोकार्पण भएको हो ।

प्रकाशकले अक्टोबर ९ मा लेखकसँग हस्ताक्षर कार्यक्रमसमेत आयोजना गरेको थियो । लेखकले नेपालीलाई इमान्दार तथा संघर्षशिलका रूपमा विश्वमा चिनाउने काम गरेको उल्लेख गर्दै वाणिज्यदूत अधिकारीले पुस्तकले धेरैलाई प्रेरणा दिने बताइन् ।

तामाङ सोसाइटी अफ अमेरिकाका पूर्व अध्यक्ष तथा सोसाइटी अफ अमेरिका सल्लाहकार राम तामाङले काठमाडौंदेखि अमेरिकासम्म बसाइका क्रममा इन्द्रका अनुभवहरू आत्मकथामा सँगालेको बताए । सामाजिक अभियन्ता शशांक लामाले लेखक इन्द्रले आफ्ना इच्छा र चाहनाहरूलाई दबाएर चार्ल्स हेनरी फोर्ड र चार्ल्सकी बहिनी नायिका, मोडल रुथलाई सेवा गरेको बताए ।

चार्ल्ससँगै विश्व भ्रमणका क्रममा तामाङले चित्रकला तथा फोटोग्राफी सिकेका थिए । इन्द्रको जीवन अनुभवलाई पुस्तकको रूपमा ल्याउन लेखक, गीतकार, सम्पादक रोमी एस्बीले साथ दिएका हुन् । टर्टल पोइन्ट प्रेसले बजारमा ल्याएको २ सय ६४ पेजको पुस्तकको मुल्य २४ अमेरिकी डलर रहेको छ । पुस्तक डिजिटल प्लेटफर्म अमेजनमासमेत उपलब्ध रहेको प्रकाशकले जनाएको छ ।

## 'तेल भिसा'को 'कति रमाइलो' सार्वजनिक

**काठमाडौं (प्रस)–** शंकर घिमिरे निर्देशित फिल्म 'तेल भिसा' को गीत 'कति रमाइलो' सार्वजनिक गरिएको छ । मंगलबार एक कार्यक्रमकाबिच सार्वजनिक गीतमा फिल्मका मुख्य कलाकार विपिन काकी, वर्षा राउत, पूजा चन्द, सुशील क्षेत्री, ऋचा घिमिरे, दिलीप रायमाझी, अरुणिमा लम्साल, उषा पौडेल, विमलेश अधिकारी, अनुराग कुँवर लगायतको अभिनय छ ।

अन्जु पन्त र आशिष अविरलको स्वर रहेको गीत आशिषले नै संगीत भरेका हुन् । गीतका शब्द एकनारायण भण्डारीको छ । अमेरिकामा खिचिएको भिडियोलाई शिशिर खातीले कोरियोग्राफी गरेका हुन् । 'तेल भिसा' मार्फत घिमिरेले निर्देशनमा कमब्याक गरेका हुन् ।


वाग्मती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
बकुलहर रत्ननगर अस्पताल
रत्ननगर -२,चितवन, बाग्मती प्रदेश, नेपाल

**वोलपत्र सम्बन्धि सूचना**

(प्रथम पठक सूचना प्रकाशित मिति : २०८१/०७/०९)

यस अस्पताललाइ आ.व. २०८१/८२ का लागि आवश्यक तपशिल वमोजिमको मेशिनहरुमा लाग्ने रियाजेंट्स तथा एक्सरे फिल्म सामानहरु वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएको हँदा मु. अ.करमा दर्ता भएका ईच्छुक योग्यता पुगेका निर्माता, फर्म, सप्लायर्स तथा व्यवसायीहरुले रित पूर्वकको वोलपत्र तपशिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठे. नं. | विवरण | जमानत रकम | वोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | ११/२०८१/८२ | B&E (KS 401) Auto K+,Na+,CL–s,Tca Electrolyte Analyzer मेशिनमा लाग्ने केमिकल्स सामान वोलपत्रको माध्यमबाट खरिद | ४५०००/- | ३०००/- | ३०औं दिनको वैकिङ समय भित्र | ३१औं दिनको १२:०० बजे | ३१औं दिनको १:०० वजे | |
| २. | १२/२०८१/८२ | PTINR Caugulation Analyzer मेशिनमा लाग्ने केमिकल्स सामान वोलपत्रको माध्यमवाठ खरिद | २६६००/- | ३०००/- | ३०औं दिनको वैकिङ समय भित्र | ३१औं दिनको १२:०० बजे | ३१औं दिनको १:०० वजे | |
| ३. | १८/२०८१/८२ | KONICA MONALTA X–RAY MACHINE मा लाग्ने फ्लमि वोलपत्रको माध्यमबाट खरिदको गर्नको लागि | १०८३२८/- | ३०००/- | ३०औं दिनको वैकिङ समय भित्र | ३१औं दिनको १२:०० बजे | ३१औं दिनको १:०० वजे | |

बकुलहर रत्ननगर अस्पताल


## रंगशाला

**महिला साफ च्याम्पियनसिप**

# समूह विजेता बन्दै नेपाल सेमिफाइनलमा फाइनलका लागि भारतसँग भिड्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंमा जारी साफ महिला च्याम्पियनशिपमा नेपाल बिहीबारको खेल सहज रूपमा जितेर समूह विजेताको रूपमा सेमिफाइनलमा प्रवेश गरेको छ ।

समूह विजेता बन्ने क्रममा नेपालले बिहीबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको समूह 'बी'को आफ्नो अन्तिम खेलमा श्रीलंकालाई ६-० गोल अन्तरले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको हो । खेलको पहिलो हाफमा नेपालले ४ गोल गऱ्यो भने दोस्रो हाफमा २ गोल गऱ्यो । नेपालको जितमा रेखा पौडेलले २ गोल, सावित्रा भण्डारी 'साम्बा', सविता रानामगर, अमिषा कार्की र रश्मीकुमारी घिसिङले १/१ गोल गरे । करिब साढे ७ हजार घरेलु दर्शक उपस्थित रहेको रंगशालामा नेपाल श्रीलंकामाथि एकपक्षीय रूपमा हावी रह्यो ।

जितसँगै नेपालले ३ खेलबाट ७ अंक जोड्यो । पहिलो खेलमा भुटानविरुद्ध गोलरहित बराबरी खेलेको नेपालले दोस्रो खेलमा माल्दिभ्सलाई ११-० को फराकिलो गोल अन्तरले पराजित गरेको थियो ।

पराजयपछि श्रीलंका ३ अंकमा सीमित रहँदै र प्रतियोगिताबाट बाहिरिएको छ । श्रीलंकाले पहिलो खेलमा माल्दिभ्सलाई १-० को पराजित गरेको थियो भने दोस्रो खेलमा भुटानसँग ४-१ को पराजित भएको थियो ।

भुटानले यसअघि नै सेमिफाइनलमा स्थान सुरक्षित गरिसकेको छ । आजै भएको पहिलो खेलमा भुटान माल्दिभ्सलाई १३-० को फराकिलो गोल अन्तरले पराजित गर्दै सेमिफाइनल पुगेको हो ।

